# स्वामीकार्तिक खापर गाँउपालिकाको आ व २०७५/७६ को

# बजेट तथा कार्यक्रम

## स्वामीकार्तिक खापर गाँउपालिका

वाई, बाजुरा

मिति २०७५ असार १० गते

# स्वामीकार्तिक खापर गाउँपालिकाको आ.व.२०७५।०७६ को वजेट तथा कार्यक्रम

**अध्यक्ष महोदय**

मूलक संघिय लोकत्रान्त्रिक गणतन्त्रमा प्रवेश गरे पश्चात हाम्रो देशको समग्र आर्थिक पक्षलाई सवल बनाई मूलुकलाई समाजवादी व्यवस्था उन्मूख अर्थतन्त्रको माध्यामबाट आत्मनिर्भर राष्ट्र निर्माण गर्नु अहिले प्रमूख जिम्मेवारी र मूलुकको प्रमूख माग रहको छ। त्यसलाई मूर्तरुप दिनका लागी नेपाल सरकारले सुखी नेपाली सम्बृद्ध नेपालको नारालाई अगाडी बढाई त्यसलाई सफल बनाउने खालका राष्ट्रिय आर्थिक नीति अगाडी बढाइको छ।

**अध्यक्ष महोदय,**

हाम्रो गाउँपालिकाले पनि आफ्नो १ वर्षको कार्य अवधीलाई पार गरेको यस सन्दर्भमा हाम्रा बीच धेरै आर्थिक, सामाजिक र भौतिक चूनौतीहरु रहेका छन्। यी सबै पक्षको समान ढंगले समाधान खोज्नु र गाउँपालिकाको समग्र पक्षको विकासलाई अगाडी बढाउनका लागी ल्याइएका नीति कार्यक्रमलाई सफल बनाउने खालको कार्यक्रम र बजेट विनियोजन गर्नु पनि अहिलेको प्रमूख आवश्यकताको विषय रहेको छ। मुलुक भरका ७५३ वटा नै पालिका मध्ये सबै भन्दा पछाडी रहेको हाम्रो गाउँपालिका जसलाई छोटो समय भित्र नै समग्र पक्षको विकासलाई आत्मसात गर्न पाउने आशामा हाम्रो समाज रहेको अवस्थामा सबैको समान सहभागीता र समावेशी विकासको अवधारणालाई हामीले अगाडी बढाएका छौं। भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकतामा राख्नु जत्तिको आवश्यक रहेको छ त्यत्तिकै आर्थिक रुपले विपन्न रहेको हाम्रो समाजको आर्थिक आयका कार्यमा जनचेतनाका साथै आत्मनिर्भर र व्यावसायिकताका लागि हाम्रो नीति नियम र कार्यक्रमले उद्यमशिलतालाई सहयोग पुऱ्याउने नीति र कार्यक्रम प्रस्तुत गरेका छौं र त्यस अनुरुपको २०७५।०७६ को आय व्ययको विवरण पेश गर्ने अनुमती चाहान्छु।

**अध्यक्ष महोदय**

१) यस गाउँपालिकाको अल्पकालीन र मध्यम कालीन समयमा पुरा गरिने योजनालाई परिलक्षित गरी यसको दिगो विकासका योजना र कार्यक्रम लाई तीव्रताका साथ सम्पन्न गर्ने गरी वजेट विनियोजन गरेको छु। चालु आर्थिक वर्षको कार्यक्रममा सडक निर्माणमा तिव्रता र ब्यवसायिक कृषि उत्पादनमा वृद्धि गरिने छ।

२) गाउँपालिकाको दीगो विकास र आर्थिक सम्बृद्धिका लागि ल्याइएका योजनाहरु समयमा कार्यान्वयन गर्न नीतिगत स्पस्टता कायम गरी कार्यन्वयन क्षमतामा वृद्धि गरिने छ। साथै गुणस्तरीय निर्माण कार्य गरी दोहोरो तेहेरो खर्चको अन्त्य गरिने छ।

**अध्यक्ष महोदय**

अब म यस स्वामीकार्तिक खापर गाउँपालिकाको आय तथा ब्ययको विबरण यस सभामा पेस गर्न चाहान्छु ।

**आम्दानि तर्फ**

संघिय सरकार बाट प्राप्त  वित्तिय समानिकरण मा रु. ८ करोड ३९ लाख संघिय सरकार बाट सशर्त अनुदान  रु १० करोड ५१ लख, संघिय सरकारबाट राजश्व बाँडफाँड  बाट प्राप्त रु. ४ करोड ६६ लाख, प्रदेश सरकारबाट समानीकरण अनुदान ६७ लाख ४५ हजार, प्रदेश सरकारको राजश्व बाँडफाँडबाट प्राप्त रु. ७ लाख, सामाजिक सुरक्षाबापत संघिय सरकारबाट अनुदान रु. २ करोड २२ लाख, गाउँपालिकाको आ.व. २०७५/०७६ को अन्दाजी आय रु. २ करोड १० लाख, गत वर्षको नगद मौज्दात अ.ल्या. ३ करोड ७ लाख ५५ हजार गरी जम्मा आय रु ३१ करोड ७० लाख ५८ हजार रुपैंया अनुमान गरीएको मा  सोही रकमको को परिधिभित्र रही विभिन्न शिर्षकहरुमा रकम विनियोजन गरेको छु ।

**विनियोजिन तर्फ**

विनियोजित गरिएको रकम मध्ये राजश्व बाँडफाँटबाट प्राप्त रकम रु ४ करोड ७३ लाख ५८ हजार रुपैंया चालु खर्च तर्फ विनियोजित गरेको छु । नेपाल सरकार बाट शसर्त अनुदान प्राप्त १० करोड ५१ लख सोही शर्त बमोजिम खर्च हुने गरी सभामा पेश गरेको छु । विकास योजना संचालनका लागि पुंजीगत तर्फ रु १३ करोड ७४ लाख रकम प्रस्ताव गरेको छु ।

यसरी गाउपालिकामा प्राप्त निर्शत अनुदान, सर्शत अनुदान र अन्य निकायबाट प्राप्त सम्पूर्ण रकममा **चालु तर्फ** १७ करोड ९६ लाख ५८ विनियोजन गरेको छु । **पूँजीगत तर्फ** १३ करोड ७४ लाख विनियोजन गरेको छु । यस आ.व.मा सञ्चित कोषबाट जम्मा ३१ करोड ७० लाख ५८ हजार प्रस्ताव गरेको छु । सञ्चित कोषमा ५१ लाख रकम रहने अनुमान गरेका छु ।

साथै यस गाउपालिकामा यस आ.व.मा कार्यक्रम संचालन गर्ने गरी विभिन्न गैससहरुको कार्यक्रम वजेट रु १ करोड १७ लाख समेत स्वीकृतिका लागि यस सम्मानित सभामा पेश गर्दछु ।

**अध्यक्ष महोदय**

अव म प्रस्ताव गरिएका कार्यक्रम र बजेटको संक्षिप्त विवरण पेश गर्ने अनुमति चहान्छु ।

**१) भौतिक पुर्वाधार विकास तर्फ जम्मा रु. ६ करोड २४ लाख रकम विनियोजन गरेको छु ।**

जस अर्न्तगत निम्न कार्यक्रका लागि वजेटको व्यवस्था गरेको छु ।

**क. सडक तथा यातायात तर्फ रु. ३ करोड  ८२ लाख**

- गाउँपालिकाको केन्द्र देखि ५ वटै वडालाई जोड्ने सडकको निर्माण कार्य आ.व. २०७४/०७५ मा नै शुरु गरिएकोमा आगामी आ.व. २०७५/०७६ मा उक्त योजनालाई निरन्तरता दिन रु. २ करोड रकम बिनियोजन गरेको छु ।
- गाउँपालिका अन्तगगका विभिन्न गोरेटो तथा गग्रमिण सडकका लागि १ करोड ८२ लाख विनियोजन गरेको छु । उक्त रकम मध्ये ५० लाख रकम गोरेटो तथा ग्रामिण सडक निर्माण कार्यको जिम्मा युवाहरुको सहभागीतामा सम्पन्न गरि युवा रोजगार सृजना गरिने छ ।

**ख. खानेपानी तथा सरसफाई तर्फ रु. ८७ लाख**

- गाउँपालिकामा भएको खानेपानीको समस्यालाई समाधान गर्न विभिन्न वडाका विभिन्न खानेपानी योजनालाई रु. ८७ लाख रकम बिनियोजन गरेको छु ।

**ग. विद्युत तथा बैकल्पिक उर्जा तर्फ रु. ५० लाख**

घट्टेपाटा र ढिकुरी कुला जलविद्युत आयोजनाका लागि सम्भाव्यता अध्ययन, खाली खोला लघु जलविद्युत योजना सम्पन्न तथा अन्य संचालित विधुत आयोजनाको आवश्यक मर्मतका लागी उक्त रकम विनियोजन गरेको छु ।

**घ. सूचना तथा संचार तर्फ रु. ८ लाख**

गाउपालिकाभित्र एफ एमको टावर निर्माणका लागि ३ लाख बिनियोजन गरेको छु ।
सुशासन, पारदर्शीताका लागि जनतासंग अध्यक्ष कार्यक्रम संचालनका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु ।

**ङ बस्ती तथा सहरी विकासका लागि ५ लाख**

यस गाउँपालिका अन्तर्गत एकिकृत बस्ती बारे अध्ययनका लागि ५ लाख बिनियोजन गरेको छु ।

**च) समपुरक कोष**

संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानका लागी साझेदारी गर्न समपुरक कोषमा रु. ९२ लाख रकम बिनियोजन गरेको छु ।

**२) आर्थिक विकास तर्फ रु. ३ करोड ८३ लाख**

**क. कृषि तर्फ रु. १ करोड ३३ लाख**

कृषि क्षेत्रको विकासको लागि प्रधानमन्त्री कृषि कार्यक्रमतफ रु. ५० लाख बिनियोजन गरेको छु ।
स्याउ नर्सरी, सुन्तला नर्सरी, आलु, प्याज, सीमी, फापरमा आत्मनिर्भर बन्नका लागि ३३ लाख रकम विनियोजन गरेको छु । कृषि औषधी, प्राविधिक सहयोग तथा हाते ट्रेक्टरमा अनुदानका लागि १० लाख

रकम बिनियोजन गरेको छु । अनुदान, जैतुन, स्याउ, अनारको व्यावसायिक प्रवर्द्धन आदि योजना संचालनका लागि ४० लाख रकम बिनियोजन गरेको छु ।

**ख. सिंचाई तर्फ रु. १ करोड ६४ लाख**

कर्णाली नदीको पानीलाई सिंचाईमा प्रयोग गर्नका लागि वाई लिफ्ट सिंचाई आयोजनाका लागि रु. ५१ लाख रकम विनियोजन गरेको छु । विभिन्न वार्डका विभिन्न नहर, कुलो तथा सिंचाई योजनाका लागि १ करोड १३ लाख रकम विनियोजन गरेको छु ।

**ग. पशुपालन तर्फ रु. २८ लाख**

गाई, भैंसी, बाखा, भेडा तथा कुखुराको व्यवसायका लागि अनुदान तथा पशु औषधी एवं औजारका लागि रु. २८ लाख रकम विनियोजन गरेको छु ।

**घ. संस्कृति तथा पर्यटन तर्फ रु. ३३ लाख**

धार्मिक महत्व बोकेका विभिन्न मठ मन्दिरहरुको संरक्षण तथा प्रचार प्रसार एवं सांस्कृतिक तथा परातात्विक क्षेत्रको संरक्षणका लागि रु ३३ लाख बजेट बिनियोजन गरेको छु ।

**३. सामाजिक विकास तर्फ रु. ९८ लाख**

सामाजिक विकासका विभिन्न क्षेत्रमा तपसिल बमोजिम बजेट बिनियोजन गरेको छु ।

**क. शिक्षा तर्फ रु. ३७ लाख**

विभिन्न विद्यालयहरुको भवन, छाना तथा घेरबार निर्माणका लागि रु. ३७ लाख बजेट विनियोजन गरेको छु ।

**ख. युवा तथा खेलकुद तर्फ रु. ९ लाख ४० हजार**

गाउँपालिकास्थरिय अध्यक्ष कप खेलकुद, गाउँपालिका भित्र खेलमैदान निर्माण तथा खेलकुद प्रवद्धनका लागि ९ लाख ४० हजार रकम विनियोजन गरेको छु ।

**ग. स्वास्थ्य तथा जनसंख्या तर्फ रु. १४ लाख**

सामुदायिक स्वास्थ्य इकाइ का लागि रु. ४ लाख विनियोजन गरेको छु । महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक बिदाई, स्वास्थ्य चौकीका लागि जग्गा प्राप्तिका लागि रु. १० लाख रकम बिनियोजन गरेको छु ।

**घ. महिला सशक्तिकरण तथा सामाजिक समावेशीकरण तर्फ रु. ३३ लाख**

अनाथ तथा जोखिममा रहेका बालबालिकाहरुको संरक्षण, ५० वर्ष माथीका एकल पुरुषहरुलाई व्यवसाय संचालनमा प्रोत्साहन, महिलाहरुका लागि सीप विकास तालिम, सामाजिक कुरीतिहरु हटाउन महिला तथा युवा परिचालन एवं विशेष आय आर्जन सम्वन्धी कार्यक्रम संचालनका लागि रु. ३३ लाख रकम विनियोजन गरेको छु ।

**४) संस्थागत विकास तथा सुशासन तर्फ रु. २ करोड ११ लाख**

**क. संस्थागत विकास**

गाउंपालिकाको स्थायी भवनका लागि रु १ करोड बिनियोजन गरेको छु । गाउंपालिकाको केन्द्र तथा वडा केन्द्रहरुका लागि जग्गा व्यवस्थापनका लागि रु. ५० लाख रकम बिनियोजन गरेको छु । गाउं कार्यपालिकाको कार्यालयको लागि अस्थायी टहरा निर्माणका लागि रु. ३० लाख बिनियोजन गरेको छु । गाउंपालिकाको कार्यालयका शाखाहरुको व्यवस्थापनका लागि रु. १० लाख विनियोजन गरेको छु । गाउंपालिकाको कार्यालय, वडा कार्यालयहरु, माध्यमिक विद्यालयहरुमा विद्युतिय हाजिरीको व्यवस्थाका लागि रु. ५ लाख बजेट बिनियोजन गरेको छु ।

**ख. सुशासन**

एकिकृत सम्पत्ति कर कार्यान्वयन, आन्तरिक आय सुधृढिकरण एवं वित्तिय व्यवस्थापनका लागि रु. १६ लाख रकम बिनियोजन गरेको छु ।

**५) वातावरण तथा बिपद व्यवस्थापन तर्फ रु. ४८ लाख**

**क. बन**

बनको बैज्ञानिक व्यवस्थापन, तथा ढलेका रुखहरुको उपयोग तथा व्यवस्थापनका लागि रु. ५ लाख बिनियोजन गरेको छु । कर्णाली नदीमा वगेर आउने ढलापडा काठ व्यवस्थापन कार्यका लागि रु ३ लाख रकम विनियोजन गरेको छु ।

हरियाली वढाउ, खडेरी घटाउ भन्ने नारालाई परिपुर्ति गर्न जननेता मदन भण्डारीको सम्झनामा **मदन भण्डारी हरित कार्यक्रम** मार्फत वन तथा पाखाहरुमा पानी खाल्डा खन्ने र विरुवा रोप्ने व्यवस्था मिलाएको छु । यसका लागि रु ५ लाख विनियोजन गरिएको छु । बनजंगल संरक्षण सम्वन्धी जनचेतामुलक कार्यक्रमका लागि रु. २ लाख रकम बिनियोजन गरेको छु ।

छाडा चौपायाहरुको नियन्त्रण, पहिरो प्रभावित क्षेत्रमा उत्तिस, अमृिसो रोपण तथा बनजंगल संरक्षण सम्वन्धी जनचेतना कार्यक्रमका लागि रु. १ लाख रकम बिनियोजन गरेको छु ।

**ख. वातावरण**

पानीका मुहान संरक्षण, आयश्रोत नहुने सामुदायीक वनमा हेरोलो व्यवस्था र पहिरो प्रभावित क्षेत्रमा घाँस तथा उत्तिस रोपण कार्यक्रमका लागि रु १ लाख विनियोजन गरेको छु ।

**ग. विपद व्यवस्थापन**

स्वामीकार्तिक गाउपालिकामा हुने विपतको व्यवस्थापनका लागि गाउपालिकामा रु १० लाखको विपत कोष स्थापना गरिने व्यवस्था मिलाएको छु । स्थानीय विपत व्यवस्थापन गुरु योजना निर्माण गर्ने गरी कार्यक्रम तयार गरिएको छ । जसका लागी रु. ५ लाख रकम बिनियोजन गरेको छु ।

तटवन्ध तथा नदी नियन्त्रणका लागि रु. १६ लाख रकम बिनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

आ.व. २०७५।०७६ को वजेट तथा कार्यक्रममा समावेश गर्न नसकिएका कार्यक्रमहरु आगामी आ.व.को वजेट तथा कार्यक्रमहरुमा समावेश गर्दै जाने तथा यहाँको श्रोत साधनले निर्माण गर्न नसकिने ठुला विकास आयोजनाहरु केन्द्रिय र प्रान्तिय सरकार संग माग गर्ने गरी पठाउने व्यवस्था मिलाएको छु ।

ती योजनाहरु देहाय बमोजिम छन :

- क्याम्पस स्थापनाका लागि प्रदेश सरकार संग माग गर्ने ।
- लामाओडार देखि काटेपहरा सम्म कर्णाली नदी किनारमा सडक निमार्णका लागि माग गर्ने
- रारा लोक मार्गलाई निरन्तरता का लागि माग गर्ने
- खप्तड रारा राष्ट्रिय पदमार्ग संग स्वामीकार्तिक खापर गाउँपालिकालाई जोड्नका लागि पिलुचौर देखी राताकोट सम्म केवलकारको अध्ययन गाउँपालिकाले गर्ने र त्यसको निर्माणका लागि प्रदेश सरकार तथा संघिय सरकार समक्ष माग गर्ने ।
- गाँउपालिका केन्द्रमा १५ सैयाको अस्पताल स्थापनाको लागी माग गर्ने ।
- कर्णाली नदीमा तत्कालको लागि फेरीको माग गर्ने ।
- गाउँपालीकाका पर्यटकीय क्षेत्रको प्रवद्धन गर्न केन्द्रीय सरकार संग माग गर्ने ।
- माध्यमिक र आधारभुत विद्यालयका भनवहरु निर्माणका लागि माग गर्ने ।
- गाउँपालिकाको भवन निर्माणका लागी केन्द्रमा माग गर्ने ।
- गाउँपालिकामा कवर्डहल निमार्णका लागि केन्द्र तथा प्रदेश सरकार लाई माग गर्ने ।
- ढिकुरी र जालावाडा खोलाको विद्युत आयोजनाका लागि संघ र प्रदेश संग माग गर्ने ।
- कर्णाली रोजगार कार्यक्रम अन्तरगत आ.व. २०७४/०७५ मा संचालन भएको योजनाको केही रकम भुक्तानी हुन बाँकी रहेकोले उक्त रकम भुक्तानीका लागि संवन्धित निकायसंग पहल गर्ने ।

**अन्त्यमा**

यो वजेट तथा कार्यक्रमको पूर्ण कार्यान्वयन भई सम्वृद्ध र सक्षम गाउपालिका निर्माणमा सहयोग पुग्नेछ भन्ने आशा लिएको छु । साथै यस आ.व.मा समावेश गर्न नसकिएका योजनाहरुलाई अर्को आ.व.मा समावेश गरिनेछ । यसका लागि यहाँहरुको सहयोग र समन्वयको आवश्यक छ । यो वजेट निर्माण गर्ने क्रममा सहयोग गर्नु हुने विभिन्न समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिन चहान्छु ।

धन्यवाद

**चिरन्जीवी शाही**
**अध्यक्ष**
**स्वामीकार्तिक खापर गाउँपालिका**